आज मिति २०७७ साल जेष्ठ १२ गतेका दिन प्रमुख श्री नर वहादुर थापा मगरज्यू को अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको वैठक वसी देहायको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| १) | नगरपालिका प्रमुख श्री नर वहादुर थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २) | नगरपालिका उप-प्रमुख श्री सृजना खडका<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३) | वडा अध्यक्ष वडा नं.१ श्री नर वहादुर थापा क्षेत्री<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४) | वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५) | वडा अध्यक्ष वडा नं.३ श्री भूपाल राज श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६) | वडा अध्यक्ष वडा नं. ४ श्री टुपेन्द्र बहादुर तामाङ्ग<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७) | वडा अध्यक्ष वडा नं. ५ श्री भिम वहादुर तामाङ्ग<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८) | वडा अध्यक्ष वडा नं. ६ श्री धन बहादुर खडका<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९) | वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १०) | वडा अध्यक्ष वडा नं.८ श्री केदार कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११) | वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र वहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १२) | कार्यपालिका सदस्य श्री जमुना हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

Scanned with CamScanner

१३) कार्यपालिका सदस्य श्री समिता वि.क. सदस्य
रामेछाप नगरपालिका रामेछाप

१४) कार्यपालिका सदस्य श्री ज्ञानुदेवी वस्नेत कार्की सदस्य
रामेछाप नगरपालिका रामेछाप

१५) कार्यपालिका सदस्य श्री रुकुम हायू सदस्य
रामेछाप नगरपालिका रामेछाप

१६) कार्यपालिका सदस्य श्री सरोज कटुवाल सदस्य
रामेछाप नगरपालिका रामेछाप

१७) कार्यपालिका सदस्य श्री जनकराज सुनुवार सदस्य
रामेछाप नगरपालिका रामेछाप

१८) कार्यपालिका सदस्य श्री अनिता काफ्ले सदस्य
रामेछाप नगरपालिका रामेछाप

१९) कार्यपालिका सदस्य श्री कविता रिसाल सदस्य
रामेछाप नगरपालिका रामेछाप

२०) प्रमुख प्रशासकीय अधिकृत श्री दिपेन्द्र पौडेल सदस्य सचिव
रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप

**छलफल तथा प्रस्तावहरु :**

१) दलित प्रोत्साहन कार्यक्रम संचालन सम्वन्धमा ।

२) जेष्ठ नागरिक प्रोत्साहन कार्यक्रम संचालन सम्वन्धमा ।

३) अपाङ्ग व्यवसायिक उद्यमी कृषक कार्यक्रम संचालन सम्वन्धमा ।

४) कामका लागि खाद्यान्न कार्यक्रम संचालन सम्वन्धमा ।

५) करारका कर्मचारीहरुको म्याद थप सम्वन्धमा ।

६) विदेशबाट उद्धार गरिने नगरवासीहरुको व्यवस्थापन सम्वन्धमा ।

७) क्वारेन्टाइन व्यवस्थापन र संचालन सम्वन्धमा ।

स्थानीय सरकार संचालन ऐन,२०७६ को दफा १६ को उपदफा ४ (क) २ बमोजिम पेश गरिएको ।

Scanned with CamScanner

**निर्णय नं.१**

चालू आर्थिक वर्ष ०७६।०७७ का लागि नगर स्तरिय लक्षित कार्यक्रम(जेष्ठ नागरिक प्रोत्साहन कार्यक्रम, दलित प्रोत्साहन कार्यक्रम,अपाङ्ग व्यवसायिक उद्यमी कृषक कार्यक्रम)लगायतका संचालन गर्न बाकी लक्षित कार्यक्रम र वडा स्तरमा वजेट विनियोजन भै संचालन हुन वाकी रहेका लक्षित कार्यक्रम संचालन गर्ने सम्वन्धमा हाल महामारीको रुपमा रहेको कोरोना भाइरस(कोभिड-१९) द्धारा सिर्जित विषम परिस्थितिमा सोबाट लक्षित समुदाय समेतमा पर्न गएको प्रभाव र असरलाई मध्यनजर गर्दा लक्षित वर्गलाई खाद्यान्न राहत प्याकेज उपलब्ध गराउन उपयुक्त हुने देखिएकोले, सोही वमोजिम कार्यक्रम संचालनको प्रारुप(Modality) तयार गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

कोरोना भाईरस(कोभिड-१९) बाट सिर्जित हालको कठिन परिस्थितिमा नगरवासीहरुलाई लक्षित गरी कामको लागि खाद्यान्न तथा राहत कार्यक्रम संचालन गर्नको लागि संम्भाव्यता अध्ययन गर्ने निर्णय गरियो

**निर्णय नं. ३**

यस नगरपालिका अन्तर्गत करारमा कार्यरत रहेका कर्मचारीहरुको करार अवधि २०७७ साल चैत्र मसान्तबाट समाप्त भएकोले २०७७ साल आषाढ मसान्त सम्मको लागि करार अवधि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कोरोना भाइरस(कोभिड -१९) को रोकथाम तथा नियन्त्रणका सम्वन्धमा यस नगरपालिकाको कार्यालयबाट भएको आम्दानी तथा खर्चको विवरण तयार गरी आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

कोरोना भाईरसको बढ्दो जोखिमका कारण स्वदेश फर्कन चाहने यस नगरपालिका भित्रका नगरवासीहरुको उद्धार लगायत क्वारेन्टाइन व्यवस्थापन एवं संचालनको आवश्यक व्यवस्था यस नगरपालिकाबाट मिलाउने निर्णय गरियो ।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २ (ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि, २०७४ को नियम ५ को उप नियम (१) बमोजिम प्रमाणित गरिएको ।

..............................
द्विपेन्द्र पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बहादुर थापा मगर
प्रमुख

दिपेन्द्र पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner